# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

## प्रेस विज्ञप्ती

लोक सेवा आयोगको ७५ औं स्थापना दिवस तथा हीरक जयन्ती वर्ष २०८२ को अवसरमा लोक सेवा आयोग पहुँच (PSC Outreach) कार्यक्रम अन्तर्गत मिति २०८२ साल भाद्र २० गते सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका जिल्ला सदरमुकाम रहेका स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी युवा विद्यार्थीहरूको सहभागितामा कैलाली जिल्लास्थित धनगढीमा "**विद्यार्थीमाझ लोक सेवा आयोग कार्यक्रम**" सम्पन्न भयो।

उक्त कार्यक्रमको अध्यक्षता लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीबाट भएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य दिनेश सिलवाल, सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव डा. कमल प्रसाद पोख्रेल, धनगढी उपमहानगरपालिकाका प्रमुख श्री गोपाल हमाल, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद लम्साल, सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक लगायत सुदूरपश्चिम प्रदेशका जिल्ला सदरमुकामस्थित स्थानीय तहका प्रतिनिधि कर्मचारी, प्रदेशका सवै जिल्लाका ६० जना युवा विद्यार्थी, सुदूरपश्चिम विश्वविद्यालयका प्रतिनिधि एवम् सञ्चारकर्मीसमेत करीब १०० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले लोक सेवा आयोगद्वारा देशभरका स्थानीय तहका प्रत्येक वडावडामा प्रतिनिधित्व हुने गरी विद्यार्थी माझ लोक सेवा आयोग पुग्न यो कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो । उहाँले सबैभन्दा ज्येष्ठ संवैधानिक निकायको रुपमा रहेको आयोगको योग्यता, निष्पक्षता र स्वच्छता जस्ता मूल्य मान्यताका कारण युवाहरूमा सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढ्दै गएको स्पष्ट पार्नुभयो । साथै, उहाँले युवाहरूलाई सरकारी सेवाप्रति प्रेरित गर्दै विदेश जाने चाहनाभन्दा देशमै रहेर सार्वजनिक सेवामा समर्पित हुन आग्रह गर्नुभयो । उहाँले हाल आयोगले ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती वर्ष मनाइरहेको सन्दर्भमा अबको २५ वर्षपछिको आयोग स्थापनाको शतवार्षिकीको समयमा लोक सेवा आयोगको नेतृत्व यसै कार्यक्रमका सहभागीहरू मध्येबाटै हुनेछ भन्ने अपेक्षा गरेको बताउनु भयो ।

प्रदेश सरकारका प्रमुख सचिव डा. कमल प्रसाद पोख्रेलज्यूले लोक सेवा आयोग सबैभन्दा विश्वासिलो र मर्यादित संस्था भएको उल्लेख गर्दै, आफू पनि आयोगकै माध्यमबाट यो पदसम्म पुगेको बताउनुभयो । यस्ता कार्यक्रमले परीक्षार्थीहरूमा आत्मविश्वास जागृत गराई आयोगका परीक्षामा सफलता प्राप्त गर्न सहयोग पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।

धनगढी उपमहानगरपालिकाका प्रमुख श्री गोपाल हमालज्यूले लोक सेवा आयोगलाई भरोसाको प्रतीकको रूपमा चित्रण गर्दै, आयोगसँग सहकार्य, समन्वय र समझदारी गरी यस्ता कार्यक्रम सञ्चालन गर्न धनगढी उपमहानगरपालिका लगायत सवै स्थानीय सरकार सदैव तत्पर रहेको बताउँदै धनगढी उपमहानगरपालिकामा यो कार्यक्रम आयोजना भएकोमा खुशी व्यक्त गर्नुभयो ।

कैलालीका प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद लम्सालज्यूले आयोगका मूल्य, मान्यता र सिद्धान्तको अनुशरण गर्न सकिएमा प्रतिस्पर्धामा सफलता हासिल गर्न सम्भव हुने उल्लेख गर्दै कार्यक्रमको सफलताको शुभकामना दिनुभयो।

कार्यक्रममा लोक सेवा आयोगका सहसचिवद्वय श्री पुरुषोत्तम शर्मा र श्री शिवप्रसाद चौधरीले आयोगको ऐतिहासिक विकासक्रम, संवैधानिक तथा कानूनी व्यवस्था, कार्यप्रक्रिया तथा विशेष छुटका कार्यविधिको कार्यान्वयनबारे छुट्टाछट्टै कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा आयोगका सम्पूर्ण पक्ष समेटिएको वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो। समापन सत्रमा सहभागी विद्यार्थीहरूले समूहगत रूपमा मन्तव्य प्रस्तुत गर्दै यस्ता कार्यक्रम देशको दुरदराज क्षेत्रसम्म विस्तार हुनुपर्ने आवश्यकता औंल्याएका थिए।

कार्यक्रमको अन्त्यमा माननीय सदस्य दिनेश सिलवालले सहभागी अतिथि, स्थानीय प्रतिनिधि, विद्यार्थीहरू एवं उपस्थित सबैमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रमको अन्तमा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीद्वारा सहभागी स्थानीय जनप्रतिनिधि र विद्यार्थीहरूलाई लोक सेवा आयोगको हीरक जयन्ती वर्षको लोगो तथा प्रमाणपत्र वितरण गर्दै कार्यक्रमको समापन गरिएको थियो।

**(गीताकुमारी होमेगाई)**
**प्रवक्ता**

२०८२ साल भदौ २१ गते, शनिवार
कमलपोखरी, काठमाडौं